**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाँके**
**५ नं. प्रदेश नेपाल**

प.सं. : ०७५/०७६

च.नं. :

फोन नं.:-०८१-५४०००९



# गणतन्त्र दिवसको शुभकामना

सर्वप्रथम म नेपालमा लोकतन्त्र तथा गणतन्त्र प्राप्तिका लागि विभिन्न कालखण्डमा भएका क्रान्ति ,जनआन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवन बलिदान गर्नुहुने सम्पूर्ण शहीदलाई श्रद्धाञ्जलि अर्पण गर्दै संघर्षका क्रममा घाइते भएका योद्धाहरुको स्वाथ्यलाभको कामना गर्दछु । साथै यस अवसरमा सबै नेपालीलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा राष्ट्रिय एकता प्रवर्द्धन र समृद्ध गराउँदै राष्ट्र निर्माणमा एक जुट हुने प्रेरणा प्रदान गर्न सकोस् भन्ने शुभकामना समेत व्यक्त गर्न चाहान्छु ।

नेपालमा गणतन्त्र स्थापनाको १२ वर्षमा राजतन्त्र तथा सशस्त्र द्वन्द्वको विधिवत अन्त्य, संविधानसभाबाट संविधान लेखन, राज्य पुनःसंरचना लगायत अधिकांश कार्यभार पूरा भएका छन् । तीन वटै तहका निर्वाचन भएर नयाँ संविधान कार्यान्वयनमा आएसँगै लोकतन्त्र संस्थागत सुदृढीकरणको बाटोमा छ। लामो समयदेखिको राजनीतिक अस्थिरता पनि अन्त्य भएको छ। आम नागरिकमा जागृत भएको सुशासन, विकास र आर्थिक समृद्धिको आकांक्षा सम्बोधनमा मुलुक केन्द्रित हुनुपर्ने बेला आएको छ।

जनप्रतिनिधि सम्मिलित राज्य पुनःसंरचना, परिवर्तित शासकीय प्रणाली अनुरूप निर्वाचन भएर विभिन्न तहमा जनप्रतिनिधिको बहाली लोकतन्त्र स्थापनायताका महत्वपूर्ण उपलब्धि हुन्। संविधानले राजनीतिक, सामाजिक लगायत अधिकार प्राप्तिका लागि भएका आन्दोलनबाट प्राप्त उपलब्धिलाई लिपिबद्ध गरेको छ । राज्य पुनःसंरचना भएर प्रदेशको संरचना स्थापित भएको छ। स्थानीय तहहरूलाई पुनःसंरचना गरेर अधिकारसम्पन्न बनाइएका छन् । स्थानीय सरकार गठनले नागरिकलाई शासनसत्ताले परिवर्तनको प्रत्यक्ष अनुभूति गराएको छ। लोकतन्त्रको व्यावहारिक अभ्यास जनताबाट चुनिएका प्रतिनिधिबाट शासनसत्ता सञ्चालनसँगै सुरु हुने हो। चुनावमा मतदाताले देखाएको उत्साहपूर्ण सहभागिता लोकतन्त्रप्रति उनीहरूको बलियो विश्‍वास रहेको सन्देश हो।

१२ वर्षअघि गणतन्त्र स्थापना हुँदै गर्दा आम नागरिकले समृद्धिको सपनामा देखेका थिए। त्यतिबेला लोकतान्त्रिक आन्दोलनको बलमा राजतन्त्र अन्त्य गर्नसके राजनीतिक अस्थिरता टुंगिन्छ भन्ने आम विश्‍वास थियो। मुलुक विकास-निर्माणमा पछि पर्नु, सुशासन नहुनुमा राजनीतिक अस्थिरता र तत्कालीन शासनप्रणालीलाई मुख्य कारक मानिएको थियो। अहिले कुनै जटिल राजनीतिक गतिरोध छैन, शासनप्रणाली पनि परिवर्तन भइसकेको छ। केन्द्र र प्रदेशमा निर्वाचनबाट बहुमतीय 'स्थिर' सरकार बनेका छन्। त्यसैले आम नागरिकका सुशासन र समृद्धिका सपना पूरा गर्ने उपयुक्त अवसर यतिबेला हाम्रो अगाडि रहेको छ। यो अवसरलाई सदुपयोग गर्ने दिशामा सरकार अघि बढ्नुपर्छ। निर्वाचित सरकार र राजनीतिक दलहरूप्रति जनविश्‍वास जति बलियो बन्दै जान्छ, उति लोकतन्त्र सुदृढ हुँदै जाने हो। प्रतिपक्षी दल, नागरिक समाज लगायत सबैले लोकतन्त्र सुदृढीकरणमै रचनात्मक भूमिका निर्वाह गर्नुपर्छ। मुलुकमा सुदृढ शान्ति कायम गर्ने, राजनीतिक स्थायित्व हासिल गर्ने र आर्थिक विकास गर्ने नेपाली जनताको उत्कृष्ट चाहनालाई साकार पार्ने अवसर प्राप्त होस् । गणतन्त्र दिवसको पुनः शुभकामना । धन्यवाद ।

**लूट बहादुर रावत**
**प्रमुख**
**कोहलपुर नगरपालिका, बाँके**